काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५७ | शुक्रवार, ६ चैत, २०८२ | Friday, 20 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

संसद् सचिवालयले गच्यो राजनीतिक दलहरूसँग ३ परामर्श

काँक्रेविहार संवाददाता
काठमाडौं, ५ चैत

संघीय संसद् सचिवालयले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरूसँग ३ विषयमा परामर्श गरेको छ।

सिंहदरबारस्थित संघीय संसद् सचिवालयमा बिहीबार दिउँसो ३ विषयमा सचिवालयले परामर्श गरेको हो।

सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले मुख्यगरी राजनीतिक दलका प्रतिनिधिहरूसँग ३ विषयमा परामर्श गरिएको जानकारी दिए।

प्रवक्ता गिरीका अनुसार नवनिर्वाचित सांसदहरूको शपथ, संसदीय दलको व्यवस्थापन र सांसदहरूलाई अभिमुखीकरणका विषयमा परामर्श गरिएको हो। परामर्शले नवनिर्वाचित सांसदहरूको शपथ चैत १२ गते दिउँसो २ बजे गर्ने तय गरेको छ। शपथका लागि तोकिएको मितिभन्दा अघिल्लो दिन आएर शपथको व्यहोरासम्बन्धी फारम भरेर बुझाईदिन सचिवालयका तर्फबाट दलहरूलाई आग्रह गरिएको प्रवक्ता गिरीले जानकारी दिए।

सचिवालयले दलका कार्यालय कहाँ रहने भन्ने जानकारी दिएर दलका प्रतिनिधिहरूलाई त्यो कार्यालयमा रहने सचिवालयका कर्मचारीहरूसँग समन्वय गराइदिएको छ।

परामर्श छलफलमा दलका प्रतिनिधिहरूले सांसदहरूलाई अभिमुखीकरणको आवश्यकता रहेको बताएका थिए। त्यो अभिमुखीकरण कार्यक्रम सचिवालयले थप परामर्श गरेर निक्यौल गर्ने जानकारी गराइएको प्रवक्ता गिरीले बताए। फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र श्रम संस्कृति पार्टीले सांसद जितेर प्रतिनिधित्व गर्ने निश्चित भएको छ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट महामन्त्री कविन्द्र बुर्लाकोटी, कांग्रेसका तर्फबाट मोहन आचार्य, एमालेका तर्फबाट गुरु बराल तथा नेकपाका तर्फबाट रमेश मल्ल सहभागी थिए।

सूचना, समाचार तथा विज्ञापनको लागि

९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

ग्याँस र पेट्रोलियम पदार्थ बिक्री प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन निर्देशन

७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रूपमा अशक्त तथा अपाङ्गता भएका व्यक्ति र भाडामा बस्ने विद्यार्थीलाई ग्याँस वितरणमा प्राथमिकता दिन विक्रेताहरूलाई निर्देशन दिएको छ।

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ चैत

सुर्खेत जिल्लामा एलपी ग्याँस तथा पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालयले विशेष निर्देशन जारी गरेको छ। प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायको अध्यक्षतामा बसेको सरोकारवालाहरूको समन्वय बैठकले ग्याँस वितरणलाई व्यवस्थित बनाउन विभिन्न निर्णयहरू गरेको हो।

बैठकमा नेपाल आयल निगम, एलपी ग्याँस विक्रेता, उद्योगी व्यवसायी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, उपभोक्ता मञ्च, नागरिक समाज तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। बैठकले हाल जिल्लामा रहेको ग्याँस र पेट्रोलियम पदार्थको मौज्दातको समीक्षा गर्दै वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन जोड दिएको छ।

निर्णयअनुसार अब ग्याँस विक्रेताहरूले आफूले प्राप्त गरेको र वितरण गरेको परिमाणको दैनिक अभिलेख राख्नुपर्ने छ। साथै, उक्त विवरण प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी, आम उपभोक्तालाई अनावश्यक रूपमा ग्याँस सञ्चिति नगर्न आग्रह गरिएको छ। यसका लागि नेपाल आयल निगम र सञ्चार माध्यममार्फत सचेतनामूलक सूचना प्रवाह गरिने बताइएको छ। बैठकले ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रूपमा अशक्त तथा अपाङ्गता भएका व्यक्ति र भाडामा बस्ने विद्यार्थीलाई ग्याँस वितरणमा प्राथमिकता दिन विक्रेताहरूलाई निर्देशन दिएको छ। उनीहरूलाई न्यूनतम आवश्यक परिमाणमा सहज रूपमा ग्याँस उपलब्ध गराउन विशेष ध्यान दिन भनिएको छ।

यस्तै, उद्योगबाट वितरण भएको ग्याँस विक्रेताले सही रूपमा बिक्री वितरण गरे-नगरेको, अनावश्यक सञ्चिति तथा मूल्यवृद्धि भएको-नभएको विषयमा नियमित अनुगमन गरिने निर्णय पनि गरिएको छ। उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, उपभोक्ता मञ्च लगायतका निकायले सूक्ष्म अनुगमन गरी त्यसको जानकारी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई गराउनेछन्।

प्रशासनले उपभोक्ताको हितलाई ध्यानमा राख्दै बजारमा कृत्रिम अभाव सिर्जना हुन नदिन र सहज आपूर्ति कायम राख्न सबै पक्षलाई जिम्मेवार ढंगले काम गर्न आग्रह गरेको छ। नेपाल आयल निगमले गरेको निर्णय सबै ग्याँस विक्रेतहरुले प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रमुख जिल्ला अधिकारी उपाध्यायले निर्देशन दिए।

उनका अनुसार ग्याँस वितरण, यसको मूल्य तथा तौल सम्बन्धमा कुनै गुनासा र समस्या भए जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा जानकारी गराउन सम्बद्ध सबै उपभोक्ताहरुमा अनुरोध गरिएको छ।

ग्याँस र पेट्रोलियम पदार्थ बिक्रि सम्बन्धि अफवाह नफैलाउन जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी सुधिर राज शाहीले आग्रह गरेका छन्। उनका अनुसार नेपाल प्रहरिले सामाजिक सञ्जालमा आउने नकारात्मक, अफवाह फैलाउने सूचनाहरु हटाउन लगाउने र आवश्यक कानूनी कारवाही समेत गर्नेछ। यसबारे निगरानी थालिएको छ।



पेट्रोलियम पदार्थ खुला बिक्रीमा निषेध

सुर्खेतमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र दुरुपयोग नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय सुर्खेतले थप कडाइका उपायहरू लागू गर्ने निर्णय गरेको छ। सरोकारवालासहितको समन्वय बैठकले खुला रूपमा बोतल, जर्किन लगायतका भाँडामा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गर्ने निर्णय गरेको हो। निर्णयअनुसार अब कुनै पनि व्यवसायीले खुला रूपमा पेट्रोलियम पदार्थ बिक्री गर्न पाउने छैनन्। यसले अवैध कारोबार नियन्त्रण गर्नुका साथै सुरक्षाजन्य जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ। त्यसैगरी, पेट्रोलियम पदार्थको खरिद-बिक्री गर्ने सबै व्यवसायीले अनिवार्य रूपमा बिल-बिजक जारी गरेर मात्र आपूर्ति गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रशासनले बिलविहीन कारोबारलाई कडाइका साथ नियन्त्रण गर्ने जनाएको छ। बैठकले राष्ट्रिय गौरवका तथा विकास निर्माण आयोजनाहरू–जस्तै सडक, सिँचाइ, खानेपानी, विद्युत तथा कृषि क्षेत्रका अत्यावश्यक कार्यका लागि आवश्यक इन्धन सम्बन्धित कार्यालयको सिफारिसमा उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय पनि गरेको छ। यस्ता इन्धनको दुरुपयोग नहोस् भन्ने सुनिश्चित गर्न नेपाल आयल निगम मार्फत आपूर्ति गरिनेछ, भने सम्बन्धित विक्रेताले यसको अभिलेख अनिवार्य रूपमा निगमलाई उपलब्ध गराउनुपर्नेछ। यसैबीच, नेपाल आयल निगम कर्णाली प्रादेशिक कार्यालय को भण्डारण क्षमता वृद्धि गर्ने कार्यलाई तीव्रता दिने निर्णय गरिएको छ। हाल सुर्खेतमा पर्याप्त भण्डारण सुविधा नहुँदा नेपालगञ्जस्थित डिपोमा रहेको इन्धनमध्ये निश्चित प्रतिशत सुर्खेतका लागि सुनिश्चित गर्न आवश्यक पहल अघि बढाइने जनाइएको छ। इन्धन आपूर्तिमा देखिने दबाब कम गर्न प्रशासनले आम उपभोक्तालाई विद्युतीय चुल्हो प्रयोगतर्फ आकर्षित हुन पनि आग्रह गरेको छ। यसले एलपी ग्याँसमा निर्भरता घटाउँदै दीर्घकालीन रूपमा ऊर्जा व्यवस्थापनलाई सहज बनाउने अपेक्षा गरिएको छ। प्रशासनले यी निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्दै अनुगमनलाई थप सुदृढ बनाउने जनाएको छ।

अफवाह फैलाए कारवाही

जिल्लामा एलपी ग्याँस तथा पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थापनका क्रममा विभिन्न किसिमका अफवाह फैलिन थालेपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतले त्यस्ता गतिविधि नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख (एसपी) सुधिर राज शाहीले ग्याँस तथा पेट्रोलियम पदार्थको अभाव सम्बन्धी भ्रामक सूचना सामाजिक सञ्जालमा फैलिनु चिन्ताजनक रहेको बताए। यस्ता अफवाहले बजारमा अनावश्यक त्रास सिर्जना गर्नुका साथै उपभोक्तामा कृत्रिम अभावको मनोविज्ञान बढाउने भएकाले त्यसतर्फ सचेत रहन उनले आग्रह गरे।

उनका अनुसार नेपाल प्रहरीले सामाजिक सञ्जालमा फैलाइने नकारात्मक तथा भ्रामक सूचनामाथि निगरानी सुरु गरिसकेको छ। यसमा अफवाह फैलाउने, भ्रम सिर्जना गर्ने र उपभोक्तालाई भड्काउने सामग्रीहरू हटाउन लगाइनेछ। आवश्यक परे कानुनी कारबाही पनि गरिने एसपी शाहीले चेतावनी दिए।

प्रहरीले नागरिकलाई आधिकारिक निकायबाट प्राप्त जानकारीमा मात्र विश्वास गर्न र अफवाह फैलाउने कार्यमा संलग्न नहुन अपिल गरेको हो। साथै, शंकास्पद गतिविधि वा भ्रामक सूचना देखिएमा तुरुन्त प्रहरीलाई जानकारी गराउन पनि आग्रह गरिएको छ। प्रशासन र सुरक्षाकर्मीहरूले समन्वयात्मक रूपमा काम गर्दै ग्याँस तथा पेट्रोलियम पदार्थको सहज आपूर्ति सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन्।

डढेलोबाट जोगिऔं र जोगाऔं।

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेलोबाट जोगिन

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

कर्णाली भ्रमणमा प्रधानमन्त्री



काँक्रेविहार संवाददाता
जुम्ला, ५ चैत

प्रधानमन्त्री सुशीला कार्की कर्णाली प्रदेश भ्रमणका क्रममा राराताल को अवलोकन सकेर मुगुबाट जुम्ला आएकी हुन्।

उनले जिल्ला प्रशासन कार्यालय जुम्लाका प्रमुख जिल्ला अधिकारी दिपक पौडेलका अनुसार प्रधानमन्त्रीको औपचारिक कार्यक्रम तय नभए पनि उनको भ्रमण कर्णालीको प्राकृतिक तथा धार्मिक महत्वसँग जोडिएको छ।

रारा क्षेत्रको अवलोकनपछि उनी जुम्ला पुगेकी हुन स्रोतका अनुसार प्रधानमन्त्री आज जुम्लामा नै बस्ने कार्यक्रम रहेको छ।

उनी मुगुबाट जुम्लाको २४ नम्बर बाहिनीमा पुगेकी छन र सोही स्थानमा बास बस्ने तयारी गरिएको छ।

शुक्रवार बिहान प्रधानमन्त्रीले जुम्लाको ऐतिहासिक तथा धार्मिक स्थल चन्दननाथ मन्दिर मा दर्शन गर्ने कार्यक्रम रहेको बताइएको छ।

उक्त मन्दिर कर्णाली क्षेत्रकै महत्वपूर्ण आस्थाको केन्द्रका रूपमा परिचित छ। कर्णाली प्रदेश नेपालको विकट भूगोलमा पर्ने क्षेत्र भए पनि प्राकृतिक सौन्दर्य, हिमाली जीवनशैली, जडिबुटी, अर्गानिक कृषि र मौलिक संस्कृतिका कारण विशेष पहिचान बोकेको छ।

राराताल जस्तो विश्वप्रसिद्ध तालदेखि जुम्लाका धार्मिक स्थलसम्म यस क्षेत्रले पर्यटनको ठूलो सम्भावना बोकेको छ।

प्रधानमन्त्रीको यो भ्रमणले कर्णालीको विकास, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विस्तारमा थप ध्यान जाने अपेक्षा गरिएको छ।

खुल्यो सांसदको शपथ र सरकार गठनको बाटो

काँक्रेविहार संवाददाता
काठमाडौं, ५ चैत

राष्ट्रपति रामचन्द्र पौडेल समक्ष निर्वाचन आयोगले फागुन २१ गते सम्पन्न 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२' को प्रतिवेदन पेस गरेको छ।

शितल निवासमा बिहीवार आयोजित कार्यक्रममा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले सो प्रतिवेदन पेस गरेका हुन्।

राष्ट्रपति पौडेलले कठिन र जटिल परिस्थितिमा पनि मन, वचन र कर्मले अहोरात्र लागीपरी निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा खुशी प्रकट गरे। साथै निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्षलाई धन्यवाद दिए।

'फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी आयोगले आफ्नो जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ, जसले निर्वाचन आयोग र निर्वाचन प्रणालीप्रति आम नागरिकको विश्वास अभिवृद्धि भई लोकतन्त्र अझ मजबुत भएको मैले अनुभूत गरेको छु,' पौडेलले भने।

आयोगले औपचारिकरूपमा प्रतिवेदन बुझाएसँगै अब नवनिर्वाचित सांसदहरुको शपथ र सरकार गठनको बाटो खुलेको छ। संसद सचिवालयले चैत १२ गते सांसदहरूको शपथ ग्रहण समारोह आयोजना गरेको छ।

शपथपश्चात १८२ सीटसहित दुईतिहाइ नजिक पुगेको रास्वपाले एकल सरकार बनाउनेछ। संविधानको धारा ७६ को उपधारा (१) बमोजिम रास्वपाले दलको बैठक बोलाएर संसदीय दलको नेता चयन गरेपछि प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढ्छ।

सम्पादकीय

प्रविधिमैत्री सेवामा जोड

कुनै समय सञ्चारको मेरूदण्ड मानिएको हुलाक सेवा प्रविधिको तीव्र विकाससँगै पछिल्ला वर्षहरूमा ओझेलमा पर्दै गएको यथार्थ हो । डिजिटल युगले सञ्चारका स्वरूपलाई आमूल परिवर्तन गरिरहँदा परम्परागत सेवाहरूको सान्दर्भिकतामाथि नै प्रश्न उठिरहेको थियो । तर, यतिबेला हुलाक सेवाले पुनः जागृत हुने संकेत देखिएको छ । यसको प्रमुख आधार बनेको छ प्रविधिमैत्री रूपान्तरण गरी सेवा दिने कार्य । हुलाक विभागले पछिल्लो समय अपनाएको सुधारमुखी दृष्टिकोण पनि प्रशंसनीय छ । 'स्मार्ट हुलाक' अवधारणाअनुसार डिजिटल ट्र्याकिङ, द्रुत डेलिभरी र सेवाग्राहीमैत्री प्रणालीको विकासले सेवाको गुणस्तर मात्र बढाएको छैन, नागरिकको विश्वास पनि पुनः स्थापित गर्न थालेको छ । यो परिवर्तनले फेरी हुलाक सेवा सही दिशाउन्मुख छ । इच्छाशक्ति भए परम्परागत संस्थाहरू पनि आधुनिक प्रतिस्पर्धामा उभिन सक्छन् । सामान्यदेखि अत्यावश्यक सामग्रीसम्म सुरक्षित रूपमा गन्तव्यमा पुऱ्याउने हुलाकीहरूको समर्पणले हुलाक सेवाप्रति नागरिकको भरोसा अझै बलियो बनाइरहेको छ । नयाँ प्रविधिको प्रयोगसँगै परम्परागत सेवाको संयोजनले हुलाकलाई आजको समयमा पनि अपरिहार्य सेवा बनाइरहेको छ ।

विशेषगरी कर्णाली जस्ता दुर्गम क्षेत्रमा हुलाक सेवा अझै पनि अत्यावश्यक माध्यमका रूपमा कायम छ । यातायात र डिजिटल पहुँच सीमित रहेका भूगोलमा हुलाकीहरूको भूमिका केवल सेवा प्रदायकको होइन, भरोसाको दूतको रूपमा रहँदै आएको छ । यस्तो अवस्थामा प्रविधिको समायोजनले सेवा थप प्रभावकारी, छिटो र पारदर्शी बनाउने अपेक्षा स्वाभाविक छ । तर, चुनौतीहरू अझै बाँकी छन्। निजी क्षेत्रका कुरियर सेवाहरू तीव्र गतिमा विस्तार भइरहेका बेला सरकारी हुलाकले प्रतिस्पर्धात्मक क्षमता विकास गर्नैपर्छ । यसको लागि केवल प्रविधि प्रयोग पर्याप्त हुँदैन । व्यवस्थापन सुधार, जनशक्ति दक्षता, सेवा विविधीकरण र लगानी विस्तार पनि उत्तिकै आवश्यक छन् । हुलाक सेवामा पछिल्लो समय ट्र्याकिङ प्रणाली, द्रुत सेवा तथा हवाई माध्यमको प्रयोग बढेसँगै सेवा अझ सुरक्षित र प्रभावकारी पनि बन्दै गएको छ । यसले सेवाग्राहीको विश्वाससमेत बढाएको छ । हुलाकीहरू भौगोलिक कठिनाइ, मौसमको प्रतिकूलता र यातायातको अभावका बाबजुद पनि नागरिकका अत्यावश्यक कागजात, चिठीपत्र तथा पार्सल समयमै पुऱ्याउन खटिएका छन् । हुलाक सेवाबाट पठाइने रजिष्ट्रि चिठी तथा पार्सलहरू अभिलेख राखेर सुरक्षित रूपमा ढुवानी गरिने भएकाले सरकारी कागजात, शैक्षिक प्रमाणपत्र, बैंकसम्बन्धी कागजपत्र लगायत महत्वपूर्ण सामग्री पठाउन यो सेवा अझ विश्वसनीय मानिएको हो ।

सरकारले हुलाक सेवामा लगानी वृद्धि गर्ने संकेत दिएको छ, जुन सकारात्मक पक्ष हो । तर, योजना कार्यान्वयनमा रूपान्तरण हुन सकेन भने यस्ता घोषणाहरू केवल औपचारिकतामा सीमित हुने जोखिम रहन्छ । स्थानीय तहदेखि केन्द्रसम्म समन्वय, स्पष्ट नीति निर्माण र उत्तरदायित्व सुनिश्चित नगरी दीर्घकालीन सुधार सम्भव हुँदैन । 'स्मार्ट हुलाक' अवधारणाअनुसार न्यूनतम मापदण्ड तयार भइसकेको छ, उक्त मापदण्ड कार्यान्वयनको घोषणा गोरखा जिल्ला बाटसुरू गरिएको हो । यस्तै हुलाक निर्देशनालय सुर्खेतले वि.सं. २०७९ असोजदेखि हवाइमार्फत द्रुत सेवा सञ्चालनमा ल्याएको जनाएको छ । अर्कोतर्फ, हुलाक सेवाको व्यवसायिक सम्भावना अझै ठूलो छ । पार्सल सेवा, फिलाटेलिक सेवा, सरकारी एजेन्सी सेवाहरू तथा डिजिटल सेवाको विस्तारमार्फत हुलाकलाई आत्मनिर्भर र आम्दानीमुखी संस्थामा रूपान्तरण गर्न सकिन्छ । यसका लागि नवप्रवर्तनशील सोच र सार्वजनिक-निजी सहकार्य अनिवार्य छ । हुलाक सेवा केवल चिठीपत्र बोक्ने माध्यम मात्र होइन, यो राज्य र नागरिकबीचको एक भरोसायोग्य माध्ययम पनि हो । यस सेवालाई समयानुकूल बनाउँदै लैजानु आजको आवश्यकता हो । त्यसैले प्रविधिमैत्री सेवा विस्तार, प्रभावकारी व्यवस्थापन र समन्यात्मक प्रयासमार्फत हुलाकलाई पुनः सशक्त बनाउन अब ढिलाइ गरिनु हुँदैन ।

संस्कारदेखि सर्वनाशसम्म :

समाजलाई प्रभावित पार्न चुकाउने मूल्य



✍ डा. निर्मल कँडेल

हामीले सम्झनु आवश्यक छ– सरलता लाज होइन । विनम्रता असफलता होइन । हामीले आफ्ना मूल्य प्रमाणित गर्न मासुको थाल र सामाजिक सञ्जालको रिल प्रयोग गर्नु नपर्ने हो । उत्सवले हाम्रो मूल्य झल्काउनुपर्छ, हाम्रो घमण्ड होइन ।

मैले केही समयअघि एउटा बिहेमा निमन्त्रणा पाएँ, तर एकचोटि मात्र होइन । पाँचवटा छुट्टाछुट्टै निम्तो आयोः लगन, मेहन्दी, संगीत, मुख्य विवाह समारोह, अनि अन्तिम भव्य रिसेप्सन । यीमध्ये लगभग सबै कार्यक्रमहरू पाँचतारे होटलहरूमा आयोजना गरिएको थियो, विलासिता र फजुल खर्चले भरिएको ।

त्यो सारा तडक-भडक देखेर मेरो चित्तै बुझेन । त्यसैले मैले श्रीमती र छोरीलाई भनें, 'यस्तो पागलपनलाई साथ दिन म यस्ता कार्यक्रमहरूमा पैसा खेर फाल्नेवाला छैन । बरु त्यो पैसा छोराछोरीलाई कतै लगानी गर्न दिनेछु, जसबाट कहीं व्यवसाय गरेर आम्दानी गर्न सक्नेछन् । मेरा पिताजी सधैं भन्नुहुन्थ्यो, 'पैसाको सधैं राम्रो उपयोग हुन सक्छ ।'

हाम्रो संस्कृति, जुन सरलता, अध्यात्म र समुदायमा आधारित थियो, आज हैसियत र तुलना गर्ने रोगले संक्रमित छ । जुन विवाहहरू पहिले आत्मीय र परिवारभित्र सीमित हुन्थे, ती आज रंगमञ्चीय नाटक बनेका छन् । जुन संस्कारहरूमा गहिरो अर्थ हुन्थ्यो, तिनीहरू आज तडकभडक र खर्चिलो मेलामा रूपान्तरण भएका छन् । पवित्र मोडहरू अब सार्वजनिक प्रदर्शनका विषय बनेका छन् । फन् खतरनाक कुरा के भने, हामी छिमेकीबाट सबै कुरा नक्कल गर्दै छौं, न त सोच्दै छौं कि के हामीले यो धान्न सक्छौं ? न त सोधिरहेका छौं, के हामी साँच्चै यसमा विश्वास गर्छौं ?

संख्या हेर्नुहोस् त । नेपालको औसत प्रतिव्यक्ति आम्दानी वार्षिक करिब ३-४ लाख रुपैयाँ मात्र छ । तर, आजकल एक्लो विवाह समारोहमै लाखौंदेखि करोडौं रुपैयाँसम्म खर्च गर्नु सामान्यजस्तै भएको छ । त्यो भनेको साधारण नेपालीले एक वर्षमा कमाउने आम्दानीको केही गुणादेखि सयौं गुणासम्म पर्न जान्छ । र, यो खर्च धेरैले बचतबाट त गरेका हुँदैनन् । ऋण लिन्छन्, जमिन बेच्छन्, विदेशबाट पठाइएको रेमिट्यान्स सकिन्छ, भविष्य नै धितो राख्छन्, सबै केवल महँगो र विदेशी खानाको बफे र विदेशी रक्सी खुवाउनका लागि र नक्कल गर्न !

प्रीति भोजमा खाना मीठो लागे उसले भन्छ, 'खुब कमाएको छ, खर्च राम्रै गरेछ ।' त्यही खाना अर्कोलाई मीठो लागेन भने 'त्यत्रो कमाएको छ, राम्रो खुवाएन' भन्छन् । ती पाहुनाहरूले त एक हप्तापछि के खाए भन्ने पनि याद गर्दैनन् ।

तराईमा स्थिति अझ कठोर छ । दाइजो, अवैध, अनैतिक, तर अझै पनि प्रचलित, आज गुप्त आर्थिक हतियार बनेको छ । ज्वाइँहरूले गाडी, नगद, सुन, घरजग्गासम्म माग्छन् । र, सामाजिक अपमानको डरले परिवारहरू त्यो माग पूरा गर्न बाध्य हुन्छन् । मैले एउटा व्यक्तिलाई भेटें, जसले छोरीलाई सुन किनेर दिनका लागि मात्र ४० लाख रुपैयाँ ऋण लिए, ताकि छोरीको बिहेपछि उनका ससुरालीले नहेपून् । के आजकाल प्रेम र विवाहको परिभाषा यही हो ? के अब विवाह प्रेम होइन, दिने क्षमता परीक्षण हो ?

हामीले गर्वका साथ आफ्ना परम्परा भनिएका धेरै संस्कारहरू पनि अहिले तडकभडक र देखावटीमा बदलिरहेका छौं । हो, हल्दी, मेहन्दी, टीकाटालो हाम्रो परम्पराका हिस्सा हुन् । तर, ती सबै सरल, घरमै गरिने र आध्यात्मिक मूल्यसहितका कार्यक्रम थिए । अहिले ती सबैका लागि छुट्टाछुट्टै भव्य पार्टी हुन्छन्, डीजेसहितको मेहन्दी नाइट, कोरियोग्राफ गरिएको संगीत पार्टी, लक्जरी रिसोर्टमा ब्याचलर पार्टी, लिस्ट लामो छ । अझ डेस्टिनेसन वेडिङको अर्कै स्वाङ छ । यी परम्परा होइनन्, बलिउडबाट आयात गरिएका नक्कली शैलीहरू हुन् । र, तिनको मूल्य पनि सस्तो छैन । व्रतबन्धको कुरा गरौं । यो कहिल्यै केटाहरूको जीवनमा वयष्क बन्ने पवित्र आरम्भ थियो । शान्त वातावरणमा, सादगीपूर्ण रूपमा, शाकाहारी भोजनसहित सम्पन्न हुने । तर आज ? कर्कश संगीत, मासु र रक्सीको भरमार, इभेन्ट म्यानेजर, रातो कार्पेट र भाडामा लिइएका फोटोग्राफरहरू । अब यो केटाको आध्यात्मिक यात्रा होइन, आमाबुवाको सामाजिक हैसियत देखाउने साधन बनेको छ ।

गुन्युचोली पनि त्यस्तै दुर्गति भोगिरहेको छ । युवतीको वयष्क जीवनमा प्रवेशलाई सम्मान गर्ने यो संस्कार अब केवल ब्रान्डेड सारी र बफे खानाको फोटोसेसनमा सीमित भएको छ । हुँदा हुँदा पास्नीको नाममा गरिने तडकभडकले त्यो ५-६ महिनाका बच्चाहरूलाई पनि सजाय दिइरहेका छन्जस्तो लाग्छ ।

हामीले सम्झनु आवश्यक छ- सरलता लाज होइन । विनम्रता असफलता होइन । हामीले आफ्ना मूल्य प्रमाणित गर्न मासुको थाल र सामाजिक सञ्जालको रिल प्रयोग गर्नु नपर्ने हो । उत्सवले हाम्रो मूल्य झल्काउनुपर्छ, हाम्रो घमण्ड होइन ।

र, कुरा यतिमै सकिँदैन । दसैं, जुन हाम्रो सबैभन्दा ठूलो पर्व हो, अहिले किनमेलको प्रतियोगिता बनेको छ । तिहार अब दीपावली नभएर 'कसको घर सबभन्दा उज्यालो ?' भन्ने होड हो । तीज अब केवल एक धार्मिक उपवास मात्र रहेन; यो अब प्रि-तीज र पोस्ट-तीजका भड्किला पार्टीहरूको मौसम बनेको छ, जहाँ सामाजिक सञ्जालको चमकधमक र देखावटी प्रदर्शनले भक्ति र वास्तविक अर्थलाई प्रायः छायामा पारिदिन्छ ।

शिवरात्रि, जुन ब्रह्मचारी साधनाको रात थियो, आज नशा सेवनको राष्ट्रिय दिनजस्तै भइसकेको छ । शहरको एउटा साधारण परिवारले दसैंमा मात्र लाखौंसम्म खर्च गर्ने गर्छन् । त्यो पनि यदि विवाह, जन्मदिन, व्रतबन्ध, गुन्युचोली, पास्नीजस्ता समारोहहरूलाई पनि जोड्यौं भने, तपाईं वित्तीय अन्धकारतर्फ गइरहनुभएको छ ।

हामीलाई यति धेरै पर्वहरू नै पुगेका थिएनन्जस्तो- अब पश्चिमी नयाँ वर्ष पनि आफ्नै परम्पराभन्दा बढी जोसका साथ मनाउँछौं । गुलाब, चकलेट, महँगा गिफ्ट र इन्स्टाग्राममा देखाउने डिनरहरू, आदि अनुकरण गरिरहेका छौं, जसले गर्दा हामी नयाँ वर्ष दुईपटक मनाउँछौं, वैशाख र जनवरीमा ।

यिनले कुनै खुसी सिर्जना गरिरहेको छैन । यिनले परिवारलाई बलियो बनाइरहेको छैन । यिनले कसैलाई सुरक्षित बनाइरहेको छैन । यी सम्पूर्ण तडकभडकबाट फाइदा उठाउनेहरू केवल होटेल र पार्टी प्यालेसहरू, ब्रान्डेड लुगा बेच्नेहरू, क्याटरिङ सेवा, सजावट कम्पनीहरू, रक्सीबिक्रेता र ऋण दिने संस्थाहरू नै हुन् । उनीहरूले हाम्रो असुरक्षा र देखावटी चाहनाबाट पैसा कमाउँछन् ।

हामीले के पाउँछौं ? रित्तिएको बैंक खाता, आकस्मिक अवस्थाका लागि बचत छैन, छोराछोरीको शिक्षाका लागि पैसा छैन, व्यवसाय वा बुढेसकालका लागि पुँजी छैन र बाँकी रहन्छ केवल एक खोक्रो गर्व, रवाफ र धाकः 'सबैभन्दा ठूलो बिहे मैले गरें', वा 'सबेभन्दा चम्किलो तीज पार्टी हाम्रो थियो' । यो सबै पागलपन हो । त्यसैले अब यो रोक्ने समय हो ।

हामीले प्रत्येक उत्सवलाई प्रतियोगिता बनाउन अब बन्द गर्नुपर्छ । विवाह कुनै चलचित्रको प्रिमियर होइन । व्रतबन्ध कुनै नाइट क्लब होइन । पर्व सामाजिक हैसियत देखाउने मैदान होइन ।

हामीले सम्झनु आवश्यक छ- सरलता लाज होइन । विनम्रता असफलता होइन । हामीले आफ्ना मूल्य प्रमाणित गर्न मासुको थाल र सामाजिक सञ्जालको रिल प्रयोग गर्नु नपर्ने हो । उत्सवले हाम्रो मूल्य झल्काउनुपर्छ, हाम्रो घमण्ड होइन ।

समाजमा अझै पनि केही मानिसहरू छन्, जसका लागि जीवनका महत्त्वपूर्ण क्षणहरू तडक-भडक र देखावाका विषय होइनन् । उनीहरू सादगीमै सुन्दरता देख्छन् । कोही शान्त रूपमा मन्दिर पुग्छन्, भगवान्लाई साक्षी राखेर आफ्नो जीवनयात्रा सुरु गर्छन्; अनि हाँस्दै-खेल्दै सम्बन्धित कार्यालयमा आफ्नो सम्बन्ध दर्ता गर्छन् । यस्ता मानिसहरूका लागि विवाहको खुसी ठूलो भोजभतेर र आडम्बरमा होइन, मनको सच्चाइमा बस्छ । उनीहरू अनावश्यक खर्च गर्नुको सट्टा चुपचाप कसैको दुःखमा मलम लगाउने दान गर्छन्, कसैको जीवनमा सानो उज्यालो थप्ने प्रयास गर्छन् ।

सायद यिनै सादा र निःस्वार्थ क्षणहरूमा जीवनको साँचो सौन्दर्य लुकेको हुन्छ, जहाँ देखावाभन्दा प्रेम गहिरो हुन्छ र खर्चभन्दा मानवताको मूल्य ठूलो हुन्छ ।

यदि तपाईं कुनै कार्यक्रमको योजना बनाउँदै हुनुहुन्छ भने, आफैंलाई इमानदारीपूर्वक सोध्नुहोस्- के तपाईं यसलाई साँच्चै खुसी सिर्जना गर्न गर्दै हुनुहुन्छ, कि प्रशंसा बटुल्न ? परम्पराको नाममा खर्च गर्दै हुनुहुन्छ कि आफ्नो घमण्ड सन्तुष्ट पार्न ? के यो पैसा भड्किलो उत्सवमा जलाउनुको सट्टा भविष्य निर्माणमा प्रयोग गर्न सकिँदैन ?

प्रत्येक वर्ष घरपरिवारले प्राप्त गर्ने रेमिट्यान्समध्ये ७९ प्रतिशत दैनिक खर्चमा र ७ प्रतिशत ऋण तिर्न प्रयोग हुन्छ । केवल २ प्रतिशत मात्र पुँजी निर्माणमा जान्छ । बाँकी पैसा प्रायः यस्ता तडकभडक र भोजभतेरमै सकिन्छ । सोच्नुस्, यदि यो २ प्रतिशत होइन २० प्रतिशत नै शिक्षा, स्वास्थ्य र स्वरोजगारमा लगानी हुन्थ्यो भने कति नेपाली परिवारहरू दीर्घकालीन रूपमा समृद्ध बन्न सक्थे !

हामीलाई परिवर्तन चाहिन्छ, तसर्थः


- हाम्रा नेताहरूले परम्पराको नाममा हुने आर्थिक दबाबको विरुद्ध बोल्नुपर्छ ।
- हाम्रा धार्मिक संस्थाहरूले संस्कारहरूको आध्यात्मिक सार पुनः जीवित गराउनुपर्छ ।
- हाम्रा विद्यालयहरूले युवाहरूलाई आर्थिक जिम्मेवारी सिकाउनुपर्छ ।
- हाम्रो मिडियाले तडकभडकको महिमामण्डन रोक्नुपर्छ र सादगीको सम्मान गर्न थाल्नुपर्छ ।

नेपाल अहिले सांस्कृतिक दोबाटोमा उभिएको छ । एकतर्फ छ आर्थिक विनाश, सामाजिक असमानता र अन्त्यहीन तनाव । अर्कोतर्फ छ हाम्रो मौलिकता, गरिमा, सन्तुलन र सामुदायिक भावना ।

हामी देखावटले होइन, बौद्धिकताले अगाडि बढौं । हाम्रो संस्कृतिलाई सम्मान दिऔं, तर यसका लागि आफ्नो ढाड नभाँचौं । ऋणमा डुब्न छोडौं, गरिमासाथ बाँच्न थालौं । हाम्रो संस्कृति फेरि धनी बनाऔं, नगदले होइन, विवेकले ।

(लेखक मेडिकल एपिडेमियोलोजिस्ट तथा मानवशास्त्री हुन् ।)

राजनीतिभन्दा अघि रोजगार पहिला, दलगत प्रभावको चक्र तोड्नुपर्छ



"जब राज्य नै राजनीतिद्वारा कब्जा भएको छ, नागरिकहरूले प्रभावकारी र निष्पक्ष प्रशासन कसरी आशा गर्न सक्छन् ?

आज मैले समाचार पढें कि प्रधानमन्त्रीका निजी सचिवलाई राष्ट्रिय संरक्षण कोषको अध्यक्ष पदमा नियुक्त गरिएको छ, जुन कोषको कानुनी प्रावधानको विपरीत छ । पूर्व प्रधानन्यायाधीश नेतृत्वको सरकारले यस्तो कसरी गर्न सक्छ? के मन्त्रीपरिषद्का सबै सदस्यहरू यस अवैध नियुक्तिका 'मौन दर्शक' मात्र थिए?

यस समाचारले मलाई यो नोट लेख्न प्रेरित गऱ्यो । नयाँ सरकारले राजनीतिक पदपूर्ति र भ्रष्टाचारको यो चक्र तोड्नु पर्छ, र उच्चस्तरीय सार्वजनिक संस्थाहरूमा मेरिटको आधारमा मात्र नियुक्ति सुनिश्चित गर्नु पर्छ ।

प्रस्तावना

हरेक दिन, काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थलमा हजारौं युवा नेपाली कतार, मलेसिया, दक्षिण कोरिया र अन्य देशतर्फ उड्छन् । उनीहरू आफ्नो इच्छा अनुसार होइन, आवश्यकता अनुसार जान बाध्य छन्। उनीहरूको श्रमले नेपालकै अर्थतन्त्रलाई टाढाबाट टिकाइराख्छ । विदेशबाट पठाइएका रेमिट्यान्सहरू अहिले नेपालको लगभग एक चौथाइ जिडिपी बराबर छन्, जुन विश्वमै उच्च अनुपातमध्ये एक हो । यी रेमिट्यान्सहरूले परिवारलाई सहयोग पुऱ्याउँछन् र अर्थतन्त्र स्थिर राख्छन् । तर यसले गम्भीर विरोधाभास पनि देखाउँछः नेपाल आफ्नो भविष्य निर्यात गरेर आफूलाई चलाइरहेको छ ।

कुनै पनि देश आफ्नो सबैभन्दा उत्पादक पुस्तालाई अन्य देश निर्माण गर्न पठाउँदा दीर्घकालीन समृद्धि निर्माण गर्न सक्दैन । त्यसैले, रोजगारी सृजना थुप्रै गर्नु पहिलो प्राथमिकता हुनुपर्छ ।

यस्ता घटनाहरूले सार्वजनिक धारणा बलियो बनाउँछ कि राजनीतिक प्रभाव संस्थागत नियमभन्दा माथि छ ।

रोजगारी सृजना अपरिहार्य छ

आर्थिक रुपान्तरणका लागि ठूलो संविधान संशोधन आवश्यक छैन । यसका लागि आवश्यक छ राजनीतिक इच्छा, स्पष्ट नीति र लगानीमैत्री वातावरण ।

नेपालसँग ती क्षेत्रहरू छन् जहाँ ठूलो मात्रामा रोजगार सिर्जना गर्न सकिन्छः पर्यटन आधुनिक कृषि र कृषि प्रसंस्करण जलविद्युत र हरित उर्जा पूर्वाधार विकास डिजिटल सेवा र सूचना प्रविधि उद्यमशीलता प्रोत्साहित गर्नु, नियमावली सरल बनाउनु, र लगानी प्रक्रियाहरू छिटो बनाउनु यस क्षमता खोल्न मद्दत गर्न सक्छ ।

संक्षेपमाः "रोजगारी सिर्जना गर्नुहोस्, र अर्थतन्त्र र समाज दुवै लाभान्वित हुन्छन् ।"

गहिरो चुनौतीः दलगत प्रभाव भएका संस्था

केवल आर्थिक सुधार पर्याप्त छैन । विगत ३० वर्षमा नेपालका संस्था–न्यायपालिका, नागरिक सेवा, विश्वविद्यालय, नियामक निकाय र कार्यकारी एजेन्सी–दलगत प्रभावमा छन् । भरोसा योग्य पेशेवरिता प्रायः राजनीतिक निष्ठामा अधीनस्थ हुन्छ । यो प्रश्न उठ्छः जब राज्य नै राजनीति द्वारा कब्जा भएको छ, नागरिकहरूले प्रभावकारी र निष्पक्ष प्रशासन कसरी आशा गर्न सक्छन्? कुनै सरकारले केवल नयाँ नियुक्तिहरू गरेर समाधान खोजे भने पनि, यो केवल पुरानो चक्र दोहोर्याउने काम हुनेछ । जनताको विश्वास घट्छ, भ्रष्टाचार बढ्छ, र संस्थाहरूको विश्वसनीयता घट्छ । साँचो सुधार भनेको यो चक्र पूर्ण रूपमा तोड्नु हो ।

नयाँ राजनीतिक शक्ति परीक्षणमा

नयाँ राजनीतिक दलहरू, जस्तै राष्ट्रिय स्वतन्त्र पार्टी, जसले पुरानो दलगत संस्कृतिसँग टक्कर दिने प्रतिज्ञा गर्दै लोकप्रियता पाए, उनीहरूको चुनौती स्पष्ट छ । जनताले समर्थन गरेका थिए मेरिट-आधारित शासनको आशामा ।

सार्वजनिक प्रश्न स्पष्ट छः नयाँ नेतृत्वले आफ्ना क्रोनी हरू, आफन्त वा पार्टी समर्थकहरूलाई उच्च पदमा नियुक्त नगरी प्रतिरोध गर्न सक्छ कि? हालैको समाचारले यस चिन्ता किन महत्वपूर्ण छ भन्ने देखाउँछ ।

प्रधानमन्त्रीको निर्णयअनुसार उनका निजी सचिवलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्त गरिएको थियो, जुन कानूनी प्रावधानको विपरीत रहेको आरोप छ । कानुनी वा सामाजिक दृष्टिले औचित्य नभए पनि, यस्ता घटनाहरूले सार्वजनिक धारणा बलियो बनाउँछ कि राजनीतिक प्रभाव संस्थागत नियमभन्दा माथि छ ।

दलगत प्रभावको संस्कृति तोड्ने

नेपालले संविधान वा राजनीति भन्दा गहिरो सुधारको अवसर पाएको छ । देशले मेरिटक्रेसीको आधारमा संस्थाहरू पुनर्निर्माण गर्नुपर्छ ।

यसको लागिः

१. सार्वजनिक पदमा पारदर्शी र प्रतिस्पर्धात्मक नियुक्ति
२. विश्वविद्यालय र नियामक निकायको स्वतन्त्रता
३. पेशेवर कर्मचारीलाई राजनीतिक दबाबबाट सुरक्षा
४. नियुक्ति सम्बन्धी कानुनको कडाइपूर्वक पालना मात्र मेरिट-आधारित प्रणालीले विश्वास, पेशेवरिता र सार्वजनिक भरोसा पुनःस्थापना गर्न सक्छ ।

साँच्चिकै आवश्यक सुधार

नेपालको बहस प्रायः संविधान संशोधन, गठबन्धन, र संसदीय संख्या वरिपरि केन्द्रित हुन्छ । तर देशको भविष्य यी मात्रैमा निर्भर हुँदैन । यो निर्भर गर्छ कि नेपालले दुई मुख्य रूपान्तरण हासिल गर्न सक्छ कि छैनः

१. आफ्नै देशमा रोजगारी सृजना गर्ने अर्थतन्त्र
२. दलगत नभएको, मेरिटमा आधारित राज्य यदि यी दुबै सफल भए, युवाहरू अब विदेशतर्फ जान बाध्य हुने छैनन् ।

उनीहरू आफ्नो भविष्य नेपालमै बनाउने चाहना राख्ने छन् । र त्यो क्षण हुनेछ जब नेपाल अन्ततः दशकोंदेखि रोकिएको चक्र तोड्नेछ । साँचो सरकारको मापन केवल संसदीय संख्यामा होइन–यसले नागरिकहरूलाई दिन सक्ने सम्मान, अवसर र आशामा हुन्छ ।

जीर्ण बन्दै जाजरकोट दरबार



काँक्रेविहार संवाददाता
जाजरकोट, ५ चैत

नेपालका सय प्रमुख पर्यटकीय गन्तव्यभित्र परेको जाजरकोट दरबार भूकम्प गएको लामो समय बित्दा पनि पुनर्निर्माण हुन सकेको छैन।

करिब २९ महिना बितिसक्दा पनि २५० वर्षभन्दा पुरानो ऐतिहासिक दरबार पुनर्निर्माणमा बेवास्ता हुँदा थप जीर्ण बन्दै गएको छ।

वि.सं. २०८० कात्तिक १७ गते गएको भूकम्पले दरबार क्षेत्रका रातो र सेतो दरबारमा ठूलो क्षति पुऱ्याएको थियो।

तर सरोकारवाला निकायले समयमै पुनर्निर्माण प्रक्रिया अघि नबढाउँदा बर्खाको पानीका कारण संरचना झन् कमजोर बन्दै गएको स्थानीयको गुनासो छ।

सरकारले सेतो दरबारलाई नेपालका सय पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरे पनि संरक्षण र पुनर्निर्माणमा खासै प्रगति भएको छैन।

ऐतिहासिक विवरणअनुसार सेतो दरबार जाजरकोटी राजा इन्द्रनारायण शाह को पालामा वि.सं. १८५२ मा निर्माण गरिएको हो भने पश्चिमतर्फको रातो दरबार वि.सं. १८०० देखि १८११ बीच निर्माण भएको मानिन्छ।

स्थानीय बुढापाकाका अनुसार यही दरबारबाट जाजरकोट राज्य सञ्चालन हुने गरेको थियो। हाल भने भूकम्पपछि दरबारमा बस्न नमिल्ने अवस्था छ र बर्खाको पानीले पश्चिम तथा दक्षिण भाग थप भत्किएको छ।

नागरिक समाजका अगुवा राजेन्द्रविक्रम शाह ले जनताको श्रमदानबाट निर्माण भएका दरबार पुनर्निर्माणमा सरकार गम्भीर नहुनु चिन्ताजनक भएको बताए।

उनका अनुसार पुनर्निर्माणमा ढिलाइ हुँदा दरबार नजिक जानसमेत जोखिमपूर्ण बन्दै गएको छ र आगामी बर्खामा पूर्ण रूपमा भत्किने खतरा रहेको छ।

त्यस्तै, जाजरकोट सम्पदा संरक्षण प्रतिष्ठान को अगुवाइमा दरबार क्षेत्रलाई ऐतिहासिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरी सङ्ग्रहालय बनाउने योजना पनि अलपत्र परेको छ।

इतिहासमा यस दरबारले पटक-पटक भूकम्पको क्षति बेहोरेको छ। वि.सं. १९९० को महाभूकम्प र २०५० सालको भूकम्पपछि पनि पुनर्निर्माण गरिएको थियो।

तर यसपटक पुनर्निर्माणमा ढिलाइ हुँदा दरबारको मौलिकता नै संकटमा परेको छ। संरचना पहिले पाँचतले भए पनि अघिल्लो पुनर्निर्माणपछि तीनतले बनाइएको थियो।

भूकम्पअघि रातो दरबारमा जिल्ला समन्वय समिति र सेतो दरबारमा जिल्ला प्रशासन कार्यालय सञ्चालनमा थिए।

प्रतिष्ठानका अध्यक्ष जनक केसी का अनुसार दरबारको पुरानो स्वरूपबारे स्पष्ट अभिलेख नहुँदा पुनर्निर्माण चुनौतीपूर्ण बनेको छ। उनले मौलिकता जोगाउँदै पुनर्निर्माण गर्नुपर्नेमा जोड दिए। नागरिक समाजका अनुसार सेतो दरबारबाट सात जना राजाले शासन गरेका थिए।

अन्तिम जाजरकोटी राजा प्रकाशविक्रम शाह ले वि.सं. २०२४ मा दरबार नेपाल सरकारलाई बिक्री गरेपछि यो सरकारी सम्पत्तिमा परिणत भएको हो।

उद्योगबाट महिलाको आयआर्जनमा बृद्धि



काँक्रेविहार संवाददाता
बर्दिया, ५ चैत

बर्दियाको ठाकुरबाबा नगरपालिका-८, भुड्कैयाका महिलाहरूले दुनाटपरी उद्योग सञ्चालनपछि आयआर्जनसँगै दैनिक जीवनमा व्यस्तता बढाएका छन्।

एक वर्षअघि छोराछोरी विद्यालय गएपछि खाली समय मोबाइलमा बिताउने महिलाहरू अहिले उद्योगमा सक्रिय रूपमा संलग्न छन्।

भुड्कैया महिला समूहमा आबद्ध १५ जना महिलाले दुनाटपरी उद्योग सञ्चालन गरी राम्रो आम्दानी गर्न थालेका छन्।

उनीहरू सालको पात सङ्कलन, सिन्का चिर्ने, टपरी बनाउने तथा मेसिनमार्फत आकार दिने र प्याकिङ गर्ने कार्यमा दिनभर व्यस्त रहने गरेका छन्।

स्थानीय नीलम चौधरीका अनुसार सुरुमा उद्योग चल्छ कि चल्दैन भन्ने अन्योल भए पनि अहिले राम्रो आम्दानी हुन थालेको छ।

उद्योग सञ्चालनसँगै १५ जना महिलाले प्रत्यक्ष रोजगारी पाएका छन् भने अन्य महिलाले सालको पात सङ्कलन गरी बिक्री गरेर अतिरिक्त आम्दानी गरिरहेका छन्।

समूहका अध्यक्ष मञ्जु थारूले उद्योगलाई थप विस्तार गर्दै लैजान आम्दानीको केही हिस्सा समूहको कोषमा जम्मा गर्दै आएको बताए।

उनका अनुसार स्थानीय तहको थप सहयोग पाएमा अन्य घरेलु तथा हस्तकलाका सामग्री उत्पादन र कोसेलीघर सञ्चालन गर्ने योजना रहेको छ।

प्लास्टिकका प्लेटको प्रयोग घटाउने उद्देश्यले ठाकुरबाबा नगरपालिका र दलित महिला उत्थान सङ्घ बर्दियाको सहकार्यमा गत साउनदेखि उक्त उद्योग सञ्चालनमा आएको हो।

जङ्गलमा खेर गइरहेका सालका पात सङ्कलन गरी वातावरणमैत्री दुनाटपरी उत्पादन गर्दै आएको छ। उद्योग सञ्चालनका लागि नगरपालिकाले दुई लाख ७९ हजार रुपैयाँ बराबरको मेसिन उपलब्ध गराएको छ।

दलित महिला उत्थान सङ्घले तालिम सामग्रीसहित एक लाख ६० हजार रुपैयाँ बिउ पुँजी सहयोग गरेको जनाएको छ।

ठाकुरबाबा नगरपालिकाकी उपप्रमुख बिना भट्टराईले प्लास्टिकजन्य सामग्री विस्थापन गर्दै वातावरण संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले यस्तो उद्योग सञ्चालन गरिएको बताए।

पर्यटकीय क्षेत्रका रूपमा रहेको बर्दिया राष्ट्रिय निकुञ्जलाई लक्षित गर्दै नगरपालिकाले प्लास्टिक प्रयोग निरुत्साहित गर्ने नीति अघि बढाएको पनि उहाँले उल्लेख गरे।

हुलाक सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड

काँक्रेविहार संवाददाता
बाँके, ५ चैत

हुलाक सेवालाई समयसापेक्ष, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै लैजानुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

हुलाक सेवा विभागले बिहीबार नेपालगन्जमा आयोजना गरेको द्रुत डाँक सेवा (इएमएस) सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले यस्तो धारणा व्यक्त गरेका हुन्।

जिल्ला हुलाक कार्यालय बाँकेका प्रमुख गजेन्द्रप्रकाश थारूले इएमएस सेवा पहिलेदेखि सञ्चालनमा रहे पनि अपेक्षित रूपमा विस्तार हुन नसकेको बताए।

उनले यस्ता कार्यक्रमहरूले सेवा विस्तार र सुधारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। जिल्ला प्रशासन कार्यालय बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङले हुलाक सेवालाई समयअनुसार परिमार्जन गर्दै थप विश्वसनीय बनाउनुपर्नेमा जोड दिए।

सेवाप्रदायक र सेवाग्राहीबीच सहकार्य र समन्वय अभिवृद्धि गर्नुपर्ने आवश्यकता उहाँले औंल्याए जिल्ला समन्वय समिति



बाँकेका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले हुलाक सेवाको प्रयोग बढाउन सबै सरकारी निकाय र सर्वसाधारण सक्रिय हुनुपर्ने बताए।

निजी कम्पनीको तुलनामा कम शुल्क भए पनि हुलाक सेवाप्रति आकर्षण घट्नुको कारण पहिचान गरी सुधार गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा हुलाक सेवा विभागका शाखा अधिकृत शालिकराम बस्यालले इएमएसमार्फत छिटो, भरपर्दो र सुरक्षित रूपमा कागजात तथा मालसामान आदानप्रदान भइरहेको जानकारी दिए।

उनका अनुसार नेपालका ४५ जिल्ला र विश्वका ३९ देशका ४२ स्थानमा इएमएस सेवा उपलब्ध छ। विभागका निर्देशक लीलाराम पौडेलले हुलाक सेवाको संरचना, सञ्जाल र सेवा अवस्थाबारे प्रस्तुतीकरण गर्दै देशभर फैलिएको सञ्जाल र अनुभवी जनशक्तिमार्फत सेवा प्रवाह भइरहेको बताए।

महानिर्देशक मनमाया भट्टराई पङ्नेनीले सीमित स्रोतसाधनका बाबजुद हुलाकले विश्वसनीय सेवा प्रदान गर्दै आएको उल्लेख गरे।

उनले हुलाकलाई थप गतिशील बनाउन राज्यका सबै तह जिम्मेवार हुनुपर्ने बताउँदै पुरानो कानुनी संरचना परिमार्जन हुँदै नयाँ ऐन निर्माणको प्रक्रियामा रहेको जानकारी दिए।

हुलाक सेवालाई आधुनिक, व्यावसायिक र सूचना प्रविधिमैत्री बनाउन पूर्वाधार विकास, दक्ष जनशक्ति विस्तार, अन्तरनिकाय समन्वय र ई-कमर्स सेवा विस्तारजस्ता क्षेत्रमा अझै चुनौती रहेको बताए।

गाउँपालिकाका अध्यक्षसहित चार जनाविरुद्ध मुद्दा

काँक्रेविहार संवाददाता
अछाम, ५ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अछामको ढकारी गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउद सहित चार जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ।

राजेश हमाल अभिनित 'अन्धपथ' चलचित्र निर्माणका लागि बजेट विनियोजन नगरी सरकारी रकम दुरुपयोग गरेको आरोपमा आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दर्ता गरेको हो।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार गाउँपालिकाका अध्यक्ष साउद, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह, लेखापाल विमल साउद र आरजे ट्वान्टी फोर न्यूजका अध्यक्ष रामबहादुर लम्सालबीच मिलेमतोमा सरकारी सम्पत्ति हिनामिना गरिएको अनुसन्धानबाट खुलेको छ।

अनुसन्धानका क्रममा सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत बिना प्रतिस्पर्धा १५ लाख ५ हजार रुपैयाँको सम्झौता गरिएको र कानुनले तोकेको सीमाभन्दा बढी, करिब ५८ प्रतिशत पेस्की रकम भुक्तानी गरिएको पाइएको छ।

त्यस्तै, आरजे ट्वान्टी फोर न्यूजसँग सम्झौता गरी रकम नव इन्द्रेणी फाउन्डेसनलाई भुक्तानी गरिएको तथा चलचित्र निर्माणको नाममा नक्कली बिल पेश गरी खर्च देखाइएको तथ्य पनि खुलेको छ।

आयोगले प्रतिवादीहरूबाट जनही १२ लाख ७७ हजार २५० रुपैयाँ बिगो कायम गरी जरिवाना र कैद सजायको माग गरेको छ।

साथै, अध्यक्ष साउदलाई निर्वाचित पदाधिकारी भएको आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग पनि गरिएको छ।

जिम्मेवारी दिइएको छ।

आर्थिक गणनाका लागि कार्यालय स्थापना

काँक्रेविहार संवाददाता
बैतडी, ५ चैत

दोस्रो आर्थिक गणना सञ्चालनका लागि आर्थिक गणना कार्यालय स्थापना गरिएको छ। गोठालापानी बजार नजिकै कार्यालय स्थापना गरी आवश्यक तयारी तीव्र पारिएको जिल्ला आर्थिक गणना अधिकारी धर्मानन्द गिरीले जानकारी दिए।

उनका अनुसार कार्यालय स्थापना भइसकेको छ र यसै महिनाभित्र आन्तरिक तयारीका सम्पूर्ण काम सम्पन्न गरिनेछ। कर्मचारी छनोट प्रक्रिया सकिएपछि खटाइने जनशक्तिलाई आवश्यक तालिम प्रदान गरिनेछ।

तालिम सम्पन्न भएपछि वैशाख २ गतेदेखि असार ७ गतेसम्म गणनाका लागि कर्मचारीहरू कार्यक्षेत्रमा परिचालन गरिने योजना रहेको छ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने नारासहित वैशाख २ गतेदेखि देशव्यापी रूपमा दोस्रो आर्थिक गणना सुरु हुँदैछ। बैतडी जिल्लामा यसका लागि १६ जना गणक र ३ जना सुपरिवेक्षक परिचालन गरिने बताइएको छ।

यस गणनाबाट जिल्लाभित्रका आर्थिक गतिविधिसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिनेछ। उद्योग तथा व्यवसायबाट हुने उत्पादन, रोजगारीको अवस्था, लगानी, सेवा क्षेत्रको स्थिति लगायतका विषय समेटिने छन्।

साथै उद्योग, व्यापार, सहकारी तथा निजी र सार्वजनिक संस्थाहरूको सङ्ख्या, प्रकृति र सेवा प्रवाहसम्बन्धी तथ्याङ्क पनि सङ्कलन गरिने कार्यालयले जनाएको छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/०६

यस केन्द्रबाट प्रकाशित सुचना अनुसार तपशिल अनुसारको ठेक्कामा तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभुत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट छनौट गरी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

ठेक्का.नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कवोल अंक (भ्याट र पि. एस बाहेक)
PAHARC/SKT/W/NCB/03/082-083	Construction of Pradesh Ayurveda Hospital and Research Centre Medicinal Herbs Storage and Processing Room	Dipak Nirman Sewa Mahabu Dailekh	२२,४६,८९९.७७

निमित्त निर्देशक

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

वर्षौं धाउँदा पाइन, नागरिकताको प्रतिलिपि

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ५ चैत

हुम्लाकी एक महिलाले नागरिकता हराएको करिब १० वर्षपछि प्रतिलिपि प्राप्त गरेकी छन्। खार्पुनाथ गाउँपालिका-१, पिउस गाउँकी ५४ वर्षीया दिफकला कामी ले लामो प्रतीक्षापछि नागरिकताको प्रतिलिपि पाएकी छन्। जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी का अनुसार घुम्ती शिविरबाट प्राप्त नागरिकताको नम्बर स्पष्ट नहुँदा कामीले लामो समयसम्म प्रतिलिपि पाउन सकेकी थिइनन्।

तत्कालीन समयमा जिल्ला प्रशासन कार्यालयको टोली गाउँमै पुगेर सञ्चालन गरेको घुम्ती शिविरमार्फत कामीसहित १७ जनालाई नागरिकता वितरण गरिएको थियो। तर नागरिकता हराएपछि प्रतिलिपि लिन कार्यालय पुग्दा आवश्यक विवरण अभावमा उनलाइ चार पटकसम्म फर्काइएको थियो।

पाँचौं पटक कार्यालय पुगेपछि प्रजिअ रेग्मीले कामीसँगै सोही शिविरमा नागरिकता लिएका अन्य व्यक्तिमध्ये कसैको नागरिकताको प्रतिलिपि ल्याउन सुझाव दिए।

सोही अनुसार अन्य व्यक्तिको नागरिकताको कागजात ल्याएपछि पुरानो अभिलेख पत्ता लगाउन सहज भएको र प्रतिलिपि उपलब्ध गराउन सकिएको उनले जानकारी दिए। कर्मीहरूले उपयुक्त उपाय अपनाउन नसक्दा आफू लामो समयसम्म सेवा लिनबाट वञ्चित भएको कामीको भनाइ छ।

लेखपढ गर्न नजान्ने उनले बुधबार नागरिकताको प्रतिलिपि पाएपछि खुसी व्यक्त गर्दै सेवा प्रवाहमा कर्मचारीको इच्छाशक्तिको ठूलो भूमिका हुने बताइन नागरिकता नहुँदा उनी विभिन्न सरकारी सेवासुविधाबाट वञ्चित रहेकी थिइन्। अब भने राष्ट्रिय परिचयपत्र बनाउने बाटो खुल्ने बताइन्।

परम्परागत मान्यताले कुपोषण नियन्त्रणमा चुनौती

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ चैत

सुर्खेतको बराहताल गाउँपालिकामा परम्परागत तथा हानिकारक सामाजिक मान्यताका कारण कुपोषण अन्त्यमा अझै चुनौती कायम रहेको सरोकारवालाहरूले बताएका छन्। सुन्दर नेपाल संस्थाद्वारा सञ्चालित पोषण परियोजनाअन्तर्गत धार्मिक अगुवा तथा सामुदायिक नेताहरूसँग गरिएको सामाजिक मान्यता र अभ्याससम्बन्धी छलफल कार्यक्रममा यस्तो निष्कर्ष सार्वजनिक गरिएको हो। कार्यक्रममा धार्मिक अगुवा खड्कबहादुर कार्कीले परम्परागत केही अभ्यासहरू नै कुपोषण अन्त्यका लागि बाधक बनेको बताए। बालबालिका र महिलाको पोषण सुधार गर्न यस्ता हानिकारक अभ्यास परिवर्तन आवश्यक रहेको उनले जोड दिए। बड्डिचौर टोल विकास संस्थाकी अध्यक्ष इमा पोखरेलले महिनावारी र गर्भावस्थामा खान मिल्ने-नमिल्ने भनेर गरिने विभेदका कारण आमा र बच्चा कुपोषणको जोखिममा पर्ने गरेको उल्लेख गरिन्। बराहताल गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी पुनले बहुक्षेत्रीय पोषण कार्यक्रम तथा स्थानीय योजनामार्फत पोषण सुधारका लागि निरन्तर काम भइरहेको बताइन्। उनका अनुसार गर्भावस्थादेखि नै आमा र शिशुको पोषण सुधारमा केन्द्रित विभिन्न कार्यक्रम लागू गरिएका छन्। स्वास्थ्य शाखाकी प्रमुख विष्णु गुरुङले सरकारी प्रयासका बाबजुद पनि हानिकारक सामाजिक मान्यताका कारण कुपोषणको चक्र तोड्न कठिनाइ भइरहेको बताइन्।

कर्णालीमा खेलकुद विधेयक टेबुल हुँदै

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ चैत

कर्णाली प्रदेशसभाको बैठक आजदेखि आफ्नै प्राङ्गनमा निर्माण गरिएको अस्थायी सभा हलबाट सुरु हुने भएको छ। प्रदेशसभाको दोस्रो कार्यकालअन्तर्गत सातौं अधिवेशनको पाँचौं बैठक आज दिउँसो ३ बजे बसेको प्रदेशसभा सचिवालयले जनाएको छ। प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलका अनुसार स्थायी सभा हल क्षतिग्रस्त भएपछि अस्थायी संरचना निर्माण गरी बैठक सञ्चालन गर्न लागिएको हो।

जेन्जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडबाट स्थायी सभाहल पूर्ण रूपमा नष्ट भएको थियो। आजको बैठकमा कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सम्बोधन गर्ने कार्यक्रम रहेको छ। उनले अघिल्ला बैठकहरूमा उठेका प्रश्नहरूको जवाफ दिनुका साथै प्रदेश सरकारको कार्यप्रगति र बजेट कार्यान्वयनबारे जानकारी गराउने अपेक्षा गरिएको छ त्यस्तै, सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६' संशोधन गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्ने कार्यसूची रहेको छ।

उक्त संशोधनमा विशेषगरी कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवको सेवा सुविधा स्पष्ट पार्ने विषय समेटिएको छ।

यसैगरी, प्रदेशसभाको सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्रीले कर्णाली प्रदेश प्रज्ञा-प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी विधेयकको प्रतिवेदन पनि सभामा पेश गर्ने कार्यक्रम छ। समितिले सरोकारवालासँग छलफल गरी संशोधनसहित प्रतिवेदन पारित गरिसकेको जनाएको छ। उक्त प्रतिवेदन प्रदेशसभाबाट पारित भएमा कर्णाली प्रदेशमा प्रज्ञा-प्रतिष्ठान गठन गर्ने बाटो खुल्नेछ। बैठकमा प्रदेशसभा सदस्यहरूका लागि विशेष समयसमेत छुट्याइएको छ, जसअन्तर्गत सदस्यहरूले आफ्ना निर्वाचन क्षेत्रका समस्या तथा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउने छन्।

हिउँदे बालिमा जंगली जनावरको बढ्दो आतंक

❐ काँक्रेविहार संवाददाता
सल्यान, ५ चैत

जंगली जनावरको उपद्रो बढ्दै जाँदा किसानहरू गम्भीर समस्यामा परेका छन्। विशेषगरी बँदेलले वर्षायाम मात्र नभई हिउँदयाममा समेत बालीमा क्षति पुऱ्याउन थालेपछि किसानहरू दोहोरो मारमा परेका हुन्।

वर्षायाममा मकैबालीमा ठूलो नोक्सानी पुऱ्याउने बँदेल, बाँदर र दुम्सी जस्ता जनावरले अहिले गहुँ, केराउ र तरकारी बालीसमेत सखाप पार्न थालेका छन्।

कपुरकोट, सिद्धकुमाख, छत्रेश्वरी, बनगाड कुपिण्डे लगायतका अधिकांश पालिकाका किसान यस्तै समस्याबाट पीडित छन्। कपुरकोट गाउँपालिका-३ लामिडाँडाका किसानहरूका अनुसार बँदेलले रातिको समयमा बारीमा पसेर गहुँको बाला खाने, गोयार हालेर बाली नष्ट गर्ने तथा तरकारी समेत सखाप पार्ने गरेको छ।

स्थानीय किसान नन्दी कवरका अनुसार बाली जोगाउन नसकेपछि बाध्य भएर काँचै अवस्थामा गहुँ काट्नुपरेको छ।

सिँचाइको सुविधा छैन, मेहनत गरेर लगाएको बाली पाक्नै नदिई बँदेलले सखाप पार्न थालेपछि काँचैमै काट्नुपरेको छ उनले दुखेसो पोखिन्।

अर्का किसान चन्द्रबहादुर वलीले रातभरि बारीमा पहरा दिँदा पनि बँदेलबाट जोगाउन नसकिएको बताए। राति बारीमै बस्दा पनि कतिखेर बँदेल आएर सबै बाली नष्ट गर्छन्, थाहा हुँदै न उनले भने।स्थानीयका अनुसार बँदेलको संख्या बढ्दै जाँदा नियन्त्रण गर्न कठिन हुँदै गएको छ।

विशेष दर्ता खारेजी ३० दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७-११-२५ मा दर्ता भएको प्रा.लि.नं. २५८३५३ को प्रेम चन्द्र निर्माण परामर्श सेवा एण्ड सप्लायर्स नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

उद्योग खारेजी सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री नन्दलाल सारु मगर धनि रहेको, दर्ता नम्बर (३५८८/०७४/०७५ बाट बराहताल गाउँपालिका-५ सुर्खेत मा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री सारु राईस मिल नामको प्राइभेट / साझेदारी उद्योग मेरा/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसंग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९, को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)